# चौविसे गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# राजारानी , धनकुटा
## चौविसे गाउँपालिकाको आ व २०७७/७८ को वार्षिक वजेट तथा कार्यक्रम

१. यसगरिमामय सभाका गाउँ सभाका अध्यक्षज्यू, गाउँ सभा सदस्यज्यूहरु, पत्रकार मित्र, राष्ट्र सेवक कर्मचारी मित्रहरु यस चौविसे गाउँपालिकाको सातौ गाउँ सभाको वैठकमा यस गाउँपालिकाको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

२. यस चौविसे गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि यस सम्मानित सातौ सभामा यस चौविसे गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई निकै भाग्यमानी भएको महशुष गरेको छु ।

३. सर्वप्रथम मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिक व्यवस्था स्थापना गर्नका खातिर विभिन्न चरणका आन्दोलनहरुमा शाहदत भएका अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु

४. मैले गाउँ सरकारको आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरिरहँदा कोरोनाको संक्रमणबाट गाउँपालिकाका नागरिकहरुलाई बचाउने साथै आर्थिक संकटबाट पार लगाउन अग्रणी भुमिका खेल्नुपर्ने जिम्मेवारी बोध गरेको छु ।

५. चालु संकटको समयावधि र यसको असरको गहिराइ आंकलन गर्न कठिन छ । सो अवस्थालाई मध्यनजर गर्दै यो बजेट लचकदार रहने गरी प्रस्तुत गरेको छु ।

६. **मैले आ व २०७७/७८ को बजेट तर्जुमा गर्दा लिएको आधारहरु**

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।

- नेपालको संविधानको अनुसुची ८ तथा ९ ले स्थानीय तहको लागि तोकेको राजस्व परिचालन सम्वन्धी खाका, खर्च जिम्मेबारीको क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ठ गरेका विषयहरु
- यस गाउँपालिकाको प्रमुखको रुपमा जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा जनतासँग गरेका वचनवद्धताहरु ।
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु साथै दिगो विकासको रणनीतिले अवलम्बन गरेका तथ्य, सुचकांक एवं प्राथमिकताहरु ।
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास तथा सामान्य प्रशासन मन्त्रालय, वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु तथा सुझावहरु ।
- चौविसे गाउँपालिकाले तयार गरेको एकिकृत गाउँविकास योजना तथा ऐन कानुन
- गाउँबासीहरुको माग, राय तथा सुझाव । र
- दिगो विकासका लक्ष्य अनुरुपका हाम्रा प्राथमिकताहरुलाई मुख्य आधार बनाएको छु ।

## आदरणीय सभाध्यक्ष महोदय

अब म गाउँ सरकारको आगामी आर्थिक वर्ष २०७७।७८ को वजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमती चाहन्छु ।

## उद्देश्य तथा प्राथमिकताहरु (Goals)

- ❖ कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट चौविसेका नागरिकलाई सुरक्षित राख्नु र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार गर्ने,
- ❖ कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेको उत्पादन र आपूर्ति श्रृङ्खलालाई पूनर्स्थापना गर्दै कृषि, पर्यटन, सार्वजनिक निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान गर्ने,

- ❖ कोभिड – १९ को कारणले आन्तरिक रोजगारीमा आएको कमी र वैदेशिक रोजगारीबाट फर्कनेहरुको लागि रोजगारीको उपलब्धताको लागि रोजगार सिर्जना गर्ने अन्तर क्षेत्रगत समन्वय संयन्त्रको विकास गर्ने
- ❖ जनताको आय अभिवृद्धि, रोजगारीको सिर्जना र आत्मनिर्भरताको विकास गर्न प्राविधिक र सिपमूलक तालिमको आयोजना गर्ने
- ❖ भौगोलिक विकटता, जनसंख्या, जिवन स्तर, पिछडिएका वर्गको अवस्था, समता र न्यायोचितताको आधारमा बजेट विनियोजन गर्ने ।
- ❖ उपलब्ध स्रोत र साधनहरुको अधिकतम उपयोग तथा मितव्ययी र प्रभावपूर्ण खर्च प्रणालीको अवलम्वन द्धारा पूर्वाधार आर्थिक तथा सामाजिक क्षेत्रको प्रभावकारीता अभिवृद्धि गर्ने ।
- ❖ सार्वजनिक निर्माण, शिक्षा, कृषि, पशु र कोरोना भाइरसलाई लक्षित गरी वजेट वनियोजन गर्ने ।
- ❖ हरेक विकास निर्माणमा युवा लक्षित काम र रोजगारीका अवसरको सिर्जना गर्ने,
- ❖ विकासको शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यान्वयन गर्ने,
- ❖ गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभुत खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण गर्ने,
- ❖ आफ्नो क्षेत्रको विकासको लागि स्थानीय स्रोत साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समानतामा आधारित समतामुलक न्यायोचित वितरण प्रणालीको माध्यमबाट गरिबी न्युनीकरण गर्ने ।
- ❖ पछि पारिएका वर्गको आर्थिक जीवनस्तर उठाई बसाई सराई तथा प्रति पलायनको अवस्थालाई न्युनीकरण गर्ने ।
- ❖ लैङ्गिक हिंसा न्युनीकरण गर्दै सामाजिक न्याय कायम गर्ने तथा जेष्ठ नागरिक, वालवालिकाको संरक्षण तथा व्यवस्थापन गर्ने।
- ❖ चौबिसे क्षेत्रलाई सफा, सुन्दर, हराभरा बनाई कृषि तथा पर्यटनमैत्री वातावरण सिर्जना गर्दै भौतिक पूर्वाधारको निर्माण गर्ने ।
- ❖ पूजी निर्माण तथा विकासका लागि सरकारी, सहकारी तथा निजी क्षेत्रको साझेदारी नीति अवलम्बन गर्ने ।

- "हरेक घर धुरी नजिकको दुरी" भन्ने भनाइलाई चरितार्थ गर्दै यस गाउँपालिकाले विकास निर्माणलाई एकद्वार प्रणाली अबलम्वन गर्न हरेक वडामा टोल विकास सुधार समिति गठन गरी व्यवस्थापन गर्ने ।
- सार्वजनिक सेवाको प्रभावकारीता, पारदर्शिता, सुशासन र जवाफदेहिता मार्फत नागरिक सुरक्षा र सामाजिक न्यायको प्रत्याभूति गर्ने ।
- लैङ्गिक समानता र समावेशीकरण, प्राकृतिक प्रकोपको असर न्युनीकरण र पर्यावरण संरक्षण, नागरिक मैत्रीय शासन प्रणाली,
- सहकारीता समन्वय र सह अस्तित्वको अवधारणालाई थप मुर्तरुप दिन नेपाल सरकार र प्रदेश सरकार सँग दरिलो पारस्परिक साझेदारीको विकास गर्ने ।

**उपस्थित गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

अब म यस चौबिसे गाउँपालिकाको आगामी आ. व. २०७७/७८ को क्षेत्रगत रुपमा वजेट विनियोजन गरेको विषय पेश गर्ने अनुमति चाहन्छु ।

**<u>आर्थिक क्षेत्र :</u>**

- वित्तिय संस्था तथा सहकारी संस्थाहरुलाई सक्रिय बनाउदै बचत वृद्धि गर्ने परिपाटीको थालनी गरी सो बचतबाट आय वृद्धि गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरेको छु ।
- वैदेशिक रोजगारी तथा आन्तरिक व्यवसायबाट सिर्जित आयलाई उत्पादनशील कार्यमा लगानी गर्ने वातावरण तयार गर्न आवश्यक व्यवस्था गरेको छु ।
- सार्वजनिक खर्चलाई थप पारदर्शी वनाउन कार्यक्रमको व्यवस्था गरेको छु ।
- चौविसे गाउँपालिकाको आर्थिक संमृद्धिका निजी क्षेत्रको लगानी वढाउन तथा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न आवश्यक व्यवस्था गरेको छु

**कृषि तथा पशु सेवा क्षेत्र**

- "**चौविसे युवाको शान, कृषि पेशालाई सम्मान**" भन्ने मुल नाराका साथ कृषि पेशालाई व्यवसायीक वनाउन आवश्यक वजेटको व्यवस्था गरेको छु
- कृषि तथा व्यवसायिक पशुपन्छी पालनलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न वजेटको व्यवस्था गरेको छु ।

- कृषि तथा पशुपन्छीजन्य व्यवसायमा आर्थिक सामाजिक र भौगोलिक रुपमा पछि परेका महिला, दलित, जनजाती तथा विपन्न वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रुपमा विकास गर्न आवश्यक वजेटको व्यवस्था गरेको छ ।
- बाख्रामा नश्ल सुधार गरि उत्पादन बृद्धि गर्नको लागी बोयर बोका वितरणमा विशेष जोड दिएको छ ।
- अर्गानिक खेतिका लागि प्रोत्साहन गर्ने कार्यक्रम ल्याएको छ ।
- कृषि उपज सामग्रीको बजारीकरणका लागि क्षेत्र विशेष ढुवानी अनुदान कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छ ।
- बगर क्षेत्र पहिचान गरी बगर खेती कार्यक्रमहरु संचालन गर्न पहल गर्ने छ ।
- सुख्खा ग्रस्त क्षेत्रमा विशेष गरी वर्षातको समयमा आकाशको पानी संकलन गर्न प्लाष्टिक पोखरी निर्माण तथा खरिद गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ ।
- वेमौसमी खेती गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।
- कृषी तथा पशु सेवामा कृषकलाई ब्यक्तिगत/ समुह/ सहकारी र टोल सुधार विकास समिती लाई सामुहिक अनुदान/ घुम्तीकोष अनुदानमा विशेष जोड दिन आवश्यक वजेटको व्यवस्था गरेको छ ।
- ५० प्रतिशत मुल्य अनुदानमा हिउदे तथा वर्षे विभिन्न फलफुलको विरुवा/वीउ वितरण गर्न आवश्यक वजेटको व्यवस्था गरेको छ ।
- खाद्यान्न वालीको ७५ प्रतिशत मुल्य अनुदानमा उन्नत विउ वितरण गर्न आवश्यक वजेटको व्यवस्था गरेको छ ।
- कृषि र पशुपालनलाई विशेष युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।
- महिला उद्यमशिलताको लागी बंगुर /बाख्रा/तरकारी/फलफुल सम्वन्धी तालिम सञ्चालन गर्न वजेटको व्यवस्था गरेको छ ।
- कृषिमा आधुनिकिकरणको लागी कृषी सामाग्री र यन्त्र ५० प्रतिशत मुल्य अनुदानमा वितरणका लागि आवश्यक वजेटको व्यवस्था गरेको छ ।

**सभाध्यक्ष महोदय**

**शिक्षा**

- **"चौविसे गाउँपालिकाको इच्छा, सबैलाई गुणस्तरीय शिक्षा "** को नारा लाई कार्यान्वयन गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको छ ।
- प्रत्येक विद्यालयमा आवश्यक कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, खेल मैदान, स्वच्छ पिउने पानी तथा आवश्यक अन्य शैक्षिक सामग्रीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिएको छ ।

- हरेक आधारभुत र माध्यमिक विद्यालयहरुमा सि सि क्यामेराको माध्यमबाट कक्षाकोठाका गतिविधि अवलोकन गर्न सिसि क्यामेराको जडान गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- कम्युटर नभएका कक्षा ५ सम्म सञ्चालन भएका प्राथमिक विद्यालयहरुमा शैक्षिक सूचना प्रवाहलाई व्यवस्थित गर्न कम्प्युटर, यु पि एस तथा प्रिन्टर उपलब्ध गराउन वजेटको व्यवस्था गरेको छु ।
- हरेक विद्यालयका छात्राहरुको लागि निशुल्क सेनिटरी प्याड उपलब्ध गराउन वजेटको व्यवस्था गरेको छु ।
- विद्यार्थीहरुलाई विद्यालयमा सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न शिशु कक्षा देखि कक्षा ५ सम्मका छात्रछात्राहरुका लागि दिवा खाजा कार्यक्रम लाई कार्यान्वयनलाई निरन्तरता दिएको छु ।
- विद्यार्थीहरुलाई व्यवसायिक र प्राविधिक शिक्षा तर्फ आकर्षित गर्न श्री पुण्य मा.वि. मा कक्षा ११ र १२ मा विज्ञान र होटल व्यवस्थापन अध्ययन गर्ने विद्यार्थीहरुलाई दिइदै आएको छात्रवृत्तिलाई निरन्तरता दिएको छु ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यकताका आधारमा थप बालविकास र केजी कक्षा सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- कार्य सम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट देखिएका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न वजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका स्तरिय कक्षा ८ र एस. इ.इ. परिक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- गाउँपालिका भित्रका माध्यमिक विद्यालयबाट कक्षा १२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने व्यवस्गा गरेको छु ।
- आधारभूत तह अन्तर्गत कक्षा ३, ५ र ८ को परिक्षालाई अझ व्यवस्थित र स्तरीय बनाउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- आधारभुत तहको अन्त्यमा लिइने कक्षा ८ को परिक्षामा परिक्षा केन्द्र तोकी सम्बन्धित केन्द्रको शिक्षक नपर्ने गरी केन्द्राध्यक्षको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- हरेक विद्यालयलाई एक एक वटा टेलिभिजन प्रदान गरी साना नानीहरुलाई रमाइलो वातावरणमा सिकाई गर्न अभिप्रेरित गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- विद्यालयका कक्षा ३ सम्मका कक्षा कोठाहरुलाई भित्ते लेखनका माध्यमबाट स्रोत पुर्ण कक्षाका रुपमा विस्तार गर्न वजेटको व्यवस्था गरेको छु ।

- प्रारम्भिक बाल विकास र केजी कक्षाका सहयोगी कार्यकर्ताहरुलाई मन्टेस्वरी तालिम प्रदान गर्न वजेटको व्यवस्था गरेको छु ।
- विभिन्न मात्रृभाषा विद्यालयहरुलाई दिइदै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- गाउँपालिकाबाट नियुक्ति गरिएका बालविकास तथा केजी स. का. हरुलाई पोशाक भत्ता उपलब्ध गराउन वजेटको व्यवस्था गरेको छु ।
- विद्यार्थी संख्याका आधारमा कम शिक्षक दरबन्दी भएका विद्यालयहरुलाई स्वयम सेवक शिक्षक कोटाको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- विद्यालय बाहिर रहेका बालवालिकाहरुलाई विद्यालयसम्म झिकाउन, सिकाउन, टिकाउन र विकाउन आवश्यक कार्यक्रम राखेको छु ।
- सामुदायिक अध्ययन केन्द्रहरुलाई सबलीकरण गरी निरन्तर शिक्षालाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छु।
- संरक्षण विहिन विद्यार्थीहरुलाई विद्यालयमा ल्याई संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- चौविसे भित्रका विद्यालयहरु बिच विभिन्न विधाका प्रतियोगितात्मक सहकार्यकलाप सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय**

**युवा तथा खेलकुद**

- चौविसे गाउँपालिकामा एक वडा एक खेल मैदान निर्माणको कार्यलाई निरन्तरता दिएको छु ।
- चौविसे रनिङ कपको सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- वडा स्तरीय खेल, धार्मिक सांस्कृतिक पर्वका अवसरमा आयोजना गरिने खेल जस्ता खेलकुद कार्यक्रमको विकासका लागि आवश्यक व्यवस्था गरेको छु ।
- यस गाउँपालिकाको विभिन्न ठाउँमा ब्याटमिन्टनको लोकप्रियता बढेसंगै कभर्ड हल निर्माणका लागि क्रमागत रुपमा वजेटको व्यवस्था गरेको छु ।
- रा.रा फुटवल प्रतियोगिताको लागि वजेटको व्यवस्था गरेको छु ।

**युवा रोजगार सम्वन्धी नीति**

- स्थानीय तहमा दर्ता भएका बेरोजगार ब्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक श्रममुलक आयोजना संचालनका लागि हरेक वडामा वजेटको व्यवस्था गरेको छु ।
- दक्ष तथा सक्षम जनशक्तिको बिकास गरि आन्तरिक रोजगारिको प्रबर्द्धन गर्न आवश्यक सिपमूलक तालिमको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय निजि सहकारी तथा गैरसहकारी क्षेत्रसँग समन्वय र सहकार्यका लागि आवश्यक व्यवस्था गरेको छु ।
- गाउँपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई कम्तिमा २५ प्रतिशत श्रमिकलाई संचालित आयोजनामा परिचालन गर्ने ब्यवस्था गरेको छु ।
- बर्षभरि उत्पादन भएको खाधान्न वा अन्य व्यवसायवाट ३ महिना सम्म खान नपुग्ने परिवारका सदस्यहरुमध्ये कम्तिमा १ जनालाई अनिवार्य १०० दिनको रोजगारी प्रदान गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- कोरोना संक्रमणको कारण रोजगार गुमाएका बिदेशबाट फर्किएका युवाहरुको सीप र क्षमताको पहिचान गरी रोजगार सेवा केन्द्र मार्फत रोजगार बैंकको स्थापना गरि उत्पादनमूलक क्षेत्रमा Work for Food ( मामको लागि काम ) वमोजिम रोजगारीको अवसरहरु प्रदान गर्न सोही वमोजिमको कार्यक्रमको व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यू**
**पर्यटन नीति**

- गाउँपालिका क्षेत्र भित्र रहेका ताल तलैया सिमसारहरुको संरक्षण र प्रवर्द्वन गर्दै पर्यटन पुर्वाधार विकास गर्न वजेटको व्यवस्था गरेको छु ।
- पर्यटन प्रवर्द्धनको लागि चालु योजनाहरुलाई क्रमागत रुपमा अगाडि बढाउन निरन्तरता दिएको छु ।
- रानी ताल तथा धप्पड ताल लगायत अन्य पर्यटकीय स्थलहरुको व्यवस्थापनमा आवश्यक वजेट व्यवस्था गरेको छु ।
- पर्यटकीय क्षेत्रलाई संरक्षण गरी पर्यटन पूर्वाधारहरुको विकास आवश्यक वजेटको व्यवस्था गरेको छु ।

- स्थानीय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी संरक्षण र जीर्णोद्वार तथा सम्भव भएसम्म छायाङ्कन गर्ने व्यवस्था गरेको छ ।
- पाथीभरा मन्दिरको सिढी निर्माणको लागि वजेट छुट्याएको छ ।

## स्वास्थ्य नीति

- Covid 19 लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न कोरोना कोषको खाता खोली रु ५० लाख विनियोजन गरेको छ ।
- कोरोना रोकथाम तथा नियन्त्रणमा खटिने जनप्रतिनीधि स्वास्थ्यकर्मी तथा कर्मचारीको कोरोनाको कारण मृत्यु हुन गएमा निजको परिवारलाई राहत स्वरुप रु १० लाख रकम उपलव्ध गराउने व्यवस्था गरेको छ ।
- स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार निर्माण तथा सुधारका लागि वजेट विनियोजन गरेको छ ।
- स्वास्थ्य संस्थालाई बाह्रै महिना निशुल्क औषधिहरुको आपूर्तिलाई निरन्तरता दिएको छ ।
- स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेका वर्थिङ सेन्टरहरुलाई व्यवस्थित वनाउन आवश्यक औजार तथा उपकरणको व्यवस्था गर्न आवश्यक वजेटको व्यवस्था गरेको छ ।
- गाउँपालिकामा पूर्ण खोपलाई निरन्तरता,नियमित खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने र खोप क्लिनिकमा खटिने स्वास्थ्य कर्मिहरुलाई दिइदै आएको खाजा रकमलाइ निरन्तरता दिएको छ ।
- गाउँघर क्लिनिक कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गाउँघर क्लिनिकमा खटिने स्वास्थ्यकर्मिहरुलाई दिइदै आएको खाजा खर्च रकमलाई निरन्तरता दिएको छ साथै आवश्यक खोप केन्द्र भवन र सामाग्रिहरुको व्यवस्था गर्न वजेट विनियोजन गरेको छ ।
- बर्थिङ सेन्टरमा खटिने दक्ष प्रसुतिकर्मिहरुलाई प्रसुति गरे वापत प्रसुति सेवा प्रदायक **प्रोत्साहन रकम** उपलब्ध गराउन वजेट विनियोजन गरेको छ ।
- जेष्ठ नागरीक स्वास्थ्य प्रबर्द्धन कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छ ।
- स्वास्थ्य संस्थामा संचालनमा रहेको **शुलभ फार्मेसिको** व्यवस्थालाई निरन्तरता दिन तथा सोलाई व्यवस्थित गर्न वजेट विनियोजन गरेको छ।
- सरकारी स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुने स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ बनाउने व्यवस्था गरेको छ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको **प्रोत्साहन भत्ता** लाई निरन्तरता दिएको छ ।

- प्रजनन् स्वास्थ्य कार्यक्रम अन्तर्गत गर्भवति महिलाको पहिचान तथा अत्यावश्यक सेवा प्रवाह गर्न घरमा **हरीयो झण्डा** राख्ने कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छु ।
- स्वास्थ्य संस्थामा प्रसुति भएका सुत्केरी आमाहरुको उत्तर प्रसुति अवस्थामा हुने मातृमृत्युको दरलाई कम गर्न **आमालाई खाना र शिशुलाई नाना** कार्यक्रम संचालनलाई निरन्तरता दिएको छु ।
- प्रदेश सरकारसंग समन्वय गरी१५ शैयाको अस्पताल राजारानी स्वास्थ्य चौकीमा स्थापना गर्ने व्यवस्था गरेको छु ।
- सार्वजनिक निजी साझेदारीमा सुलभ एम्वुलेन्स सेवा सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय**

## महिला तथा बालबालिका

- "सानै छु मलाई बढ्न देउ विहे होईन मलाई पढ्न देउ " भन्ने नाराका साथ चौविसे गाउँपालिकाका किशोर किशोरीहरुको लागि समुदायमा आधारीत किशोर कीशोरी विकास सम्बन्धि कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छु ।
- लक्षित वर्गलाई ध्यानमा राखि सीपमुलक र आयमुलक तालिम प्रदान गर्न वजेटको व्यवस्था गरेको छु ।
- लैगिंक हिंसा तथा घरेलु हिंसा सम्बन्धित कानुनी सचेतना कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरेको छु ।
- जेष्ठ नागरिक,अन्तराष्ट्रिय महिला,अपाङ्ग दिवश छवाछुत तथा विभेदमुक्त दिवस अन्तराष्ट्रीय जाति उन्मुलन दिवश आदिवासी दिवश जस्ता लक्षित वर्गका कार्यक्रम दिवशको रुपमा संचालन गर्न आवश्यक व्यवस्था गरेको छु ।
- जेष्ठ नागरिक सम्मान तथा जेष्ठ नागरिक सम्बन्धि कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छु ।
- **दलित म पनि मान्छे हुँ आत्मासम्मान गर छुवाछुत र भेदभावले नपार पर पर** भन्ने नाराका साथ दलित कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- दलित/ उत्पिडित महिलाहरुको क्षमता विकासको लागि नेतृत्व विकास तालिम संचालन गर्ने व्यवस्था गरेको छु ।
- चौविसे गाउँपालिका भित्रका दलितहरुलाई सक्षम बनाउँनका लागि दलित अधिकार र सिप विकास गर्ने खालको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

- चौविसे गाउँपालिका भित्रका दलित तथा सम्पुर्ण समुदायलाई दलित हक अधिकारको बारेमा सचेत बनाउन संविधानको मौलिक हक अन्तर्गत रहेको भाग ३ को छुवाछुत तथा भेदभाव विरुद्धको हक तथा दलित हक सम्बन्धि मौलिक हक २४ र ४० को बारेमा सचेतनामुलक कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छ ।
- जनजातीहरुको लागि बनेको भौतिक संरचनाहरुलाई व्यवस्थापन गर्न वजेट छुट्याएको छ ।
- परम्परागत पेशा गरिरहेका दलित जेष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम राखेको छ ।

## चौविसे कला साहित्य तथा संस्कृति

- चौविसे गाउँपालिकामा रहेका कलाकर साहित्यकार मुर्तिकार र चित्रकार जस्ता कलाकारहरुको खोजी गरी सम्मान तथा प्रवर्द्धन गर्ने कार्यक्रम राखेको छ ।
- यस गाउपालिका भित्रका सबै जातीका भाषा धर्म र संस्कृति जगेर्नमा टेवा पुग्ने खालका संरक्षणात्मक कार्यक्रमका लागि आवश्यक वजेटको व्यवस्था गरेको छ ।
- चौविसे कलाकार संघ व्यवस्थापन तथा सामग्री खरिदका लागि आवश्यक वजेट विनियोजन गरेको छ ।

## न्यायिक नीति

- जनताको अदालत गाउँ गाउँमा सुशासन समाज निर्माण आफ्नै ठाउँमा भन्ने नाराका साथ नेपालको संविधान २०७२ को धारा २१७ स्थानीय सरकार संचालन ऐन २०७४ संसोधन ऐन २०७५ अन्तर्गत न्यायिक समितिको अधिकार क्षेत्र ४७ कमोजिम न्यायिक समितिद्धारा विभिन्न न्यायिक कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक व्यवस्था गरेको छ ।
- न्यायको पहुँचबाट बाहिर रहेका समुदाय वा व्यक्तिलाई सामाजिक न्याय प्रदान गरिनेछ ।
- न्याय सम्पादन गर्दा न्यायिक समिति र मेलमिलाप कर्ता द्धारा मेलमिलाप तथा फैसला गरिएको व्यक्ति तथा सामुदायिक मुद्दाहरु अन्तर संवाद कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छ ।
- न्याय सम्पादनको क्षेत्रमा भएका कठिनाईहरुलाई पुनर्ताजकीय तालिम दिई न्यायिक समिति र जनसमुदाय विच बुझाईको एकता ल्याउन होडिङबोर्ड पर्चा पम्प्लेट अन्तरक्रिया गोष्ठि आदि कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छ ।

- प्रत्येक मेलमिलाप कर्ताहरुलाई पुनर्ताजकिय तालिम दिइ समुदायका मुद्दाहरुलाई जिम्मेवारी पूर्ण ढंगबाट मेलमिलाप गराउने उदेश्यका साथ क्षमता विकास कार्यक्रमका लागि वजेटको व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय**

**खानेपानी तथा सरसफाई**

- खानेपानिको ससाना श्रोतहरुको मर्मत सम्भार गर्ने कार्यका लागि आवश्यक व्यवस्था गरेको छु ।
- पानीको श्रोत वढाउनका लागि सो वरिपरि पोखरीहरु निर्माण गर्ने कार्यका लागि वजेटको व्यवस्था गरेको छु ।
- प्रदेश सरकार र सरोकारवाला निकायहरुसंग छलफल तथा समन्वय गरी खानेपानीको समस्याको दिर्घकालिन समाधानका लागि वहुवर्षीय योजना वनाई क्रमागत वजेटको व्यवस्था गर्दै लाने व्यवस्था गरेको छु ।
- संघ तथा प्रदेश सरकारसंग समन्वय गरी चौविसे गाउँपालिकाका ठूला ताल तलैयाबाट खानेपानी वितरणका लागि पहल गर्न आवश्यक व्यवस्था गरेको छु ।
- खानेपानी पाईप तथा हिलट्याङ्की वितरण कार्यलाई निरन्तरता दिएको छु ।

**पूर्वाधार, सडक, आवाश, ढल व्यवस्थापन तथा सिचाई**

- केन्द्र सरकारको समपुरक कोष कार्यक्रम अन्तरगत यस गाउँपालिकाको लाप्से कुरुले साझेदारी प्राथमिकता प्राप्त सडकहरुलाई ग्राभेल तथा स्तरोन्नती गर्न संघीय सरकारको समपुरक कोषवाट रु १ करोड ६५ लाख विनियोजन भएको छ सो योजनामा यस गाउँपालिकावाट थप वजेटको व्यवस्था गरेको छु ।
- ग्रामिण सडक ढल संरक्षण तथा मर्मतको लागि वडा स्तरीय संरक्षण समिति वनाई स्वयम् सेवा कार्यमा नागरिकलाई प्रेरित गर्ने नीति अनुरुप वजेटको व्यवस्था गरेको छु ।
- माग र आवश्यकताका आधारमा स साना सिंचाई आयोजनाहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- स्थानीय कुलोहरुको मर्मत संभार गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- गाउँपालिकाको मुख्य नाका राजारानी बजार र बुधबारे बजारमा सी.सी. क्यामेरा जडानका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- संघ र प्रदेश सरकारसँग समन्वय गरी दलित र माझी समुदायका लागि एकिकृत वस्ती विकासका लागि जनता आवास कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छु ।

- संघीय सरकार, प्रदेश सरकारसँग समन्वय गरी फुसको छानो हटाउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- जोखिममा परेको समुदायको लागि एकीकृत वस्ती विकासका लागि वजेटको व्यवस्था गरेको छु ।

## विद्युत तथा संचार

- विद्युतीकरण नपुगेका वस्तीहरु तथा विपन्न वर्गलाई वैकल्पिक उर्जाको व्यवस्था गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिएको छु ।
- गरिव तथा विपन्न वर्गलाई निशुल्क विद्युतको मिटर वितरण गर्न आवश्यक व्यवस्था गरेको छु ।
- कार्यालयको सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोगलाई प्रभावकारी वनाउन आवश्यक व्यवस्था गरेको छु ।
- स्थानीय पत्रकारहरुको क्षमता विकासका लागि सहयोग गर्न आवश्यक व्यवस्था गरेको छु ।
- गाउँपालिकाले गरेका विकासका गतिविधिहरुलाई जनता सामु पुर्याइ सुसूचित गर्न चौविसे डायरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

## सभाध्यक्ष महोदय

## वन तथा वातावरण संरक्षण तथा सरसफाई

- पूर्वाधार विकासमा वातावरण मैत्री अवधारणा अनुरुप कार्यक्रमको व्यवस्था गरेको छु ।
- गाउँपालिकाले फोहोर मैला नियमित संकलन गर्ने व्यवस्था निरन्तरता दिएको छु ।
- गाउँपालिका र मुख्य मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण तथा मर्मत सम्भार कार्यका लागि वजेटको व्यवस्था गरेको छु ।
- वन संरक्षण गर्न वृक्षारोपण तथा नरसरी उत्पादनका लागि वजेटको व्यवस्था गरेको छु ।

## बिपद व्ययस्थापन

- कोरोना भाइरसको सम्भावित संक्रमणबाट नागरिकलाई सुरक्षित राख्न कोरोना कोष खाता खोली रु ५० लाख विनियोजन गरेको छु ।
- बाढी पहिरो लगायतका विपद सम्वन्धी समस्या समाधानको लागि विपद व्यवस्थापन कोष खातामा आवश्यक वजेट विनियोजन गरेको छु ।
- जोखिममा परेका व्यक्तिहरुलाई यथाशिघ्र राहत वितरण गर्न आवश्यक वजेट छुट्याएको छु ।

**सेवा प्रवाह तथा क्षमता विकास**

- यस गाउँपालिकाबाट गरिने दैनिक प्रशासनिक काम सेवाहरु चुस्त, छिटो छरितो सेवा प्रदान गर्न संगठनात्मक सुधारका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- यस गाउँपालिकाको सार्वजनिक खर्चलाई पारदर्शी वनाई जवाफदेहिता प्रवर्द्धन गर्न सार्बजनिक सुनुवाई, सार्बजनिक लेखा परीक्षण जस्ता कार्यक्रम गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- कर्मचारीलाई अझ बढी सक्षम, योग्य र सवल वनाउन तालिम कार्यक्रमको व्यवस्था गरेको छु ।
- कार्यालयमा Internet Governance System लाई अझ प्रभावकारी वनाउन आवश्यक व्यवस्था गरेको छु ।
- स्थानीय जनशक्तिलाई उत्पादन गर्न लोकसेवा कक्षा सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु

**आदरणीय गाउँसभा** अध्यक्षज्यू तथा **सदस्यज्यूहरु ,**

अव म यस बर्षको लागि प्रस्ताव गरेको अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु । आगामी **आर्थिक वर्ष २०७७/०७८ को लागि चौविसे गाउँपालिकाको आय तर्फ,**

नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान मार्फत ८ करोड ७७ लाख,

नेपाल सरकार राजश्व वाँडफाँडवाट ६ करोड ७४ लाख ९४ हजार ५ सय ६४

प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान मार्फत ६९ लाख ८१ हजार

प्रदेश सरकारको राजश्व वाँडफाँडवाट ४२ लाख ५८ हजार,

संघीय सरकारको समपुरक कोषवाट १ करोड ६५ लाख,

संघीय सरकारको विशेष अनुदान ७० लाख

आन्तरीक राजश्व तर्फ ५० लाख

संचित कोषमा रहेको रकम रु ३ करोड२५ लाख ८८ हजार ३ सय ६६

शिक्षा तथा स्वास्थ्य आदि विषयगत कार्यालयहरुका लागी सशर्त अनुदान तर्फ २१करोड ३८ लाख गरी जम्मा ४४ करोड १३ लाखल २१ हजार ९ सय रुपैया अनुमानित आय पेश गरेको ब्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

**त्यस्तै अनुमानित व्यय तर्फ,**

व्यय चालु खर्च तर्फ ११ करोड ४३ लाख २१ हजार ९ सय र पुँजीगत खर्च तर्फ ११ करोड ३२ लाख र सशर्त अनुदान तर्फ २१ करोड ३८ लाख गरी जम्मा रु ४४ करोड १३ लाखल२१ हजार ९ सय रुपैया अनुमानित व्यय हुने अनुमान गरेको छु ।

जस मध्ये विकास तर्फ पुँजिगत खर्चको लागी कुल आय को करिव ४९.७५% (रु ११ करोड ३१ लाख ) विनियोजन गरिएको छ भने चालु खर्च तर्फ कुल आय को करिव ५०.२५% (११ करोड ४४ लाख २१ हजार ९ सय ) विनियोजन गरेको र सशर्त अनुदान तर्फ २१करोड ३८ लाख रुपैया रहेको कुरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

सभाध्यक्ष महोदय

अव म शीर्षकगत रुपमा वजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु

**आदरणीय उपस्थित गाउँसभा** अध्यक्षज्यू तथा **सदस्यज्यूहरु ,**

- मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटको कार्यान्वयनबाट संक्रामक रोग लगायत सवै प्रकारका रोगबाट नागरिकको जिवन रक्षा गर्ने,गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिबृद्धि हुने, श्रम शक्तिलाई काम तथा रोजगार सुनिश्चित गर्ने तथा समुन्नत सभ्य, सुसंस्कृत र न्यायपुर्ण समाज निर्माणमा महत्वपुर्ण योगदान पुग्ने मैले अपेक्षा गरेको छु ।
- आगामी आर्थिक वर्ष तत्काल प्रतिफल दिने र एक वर्ष भित्र सम्पन्न हुने आयोजना एवम् निर्माणाधिन अधुरा आयोजनाको कार्यान्वयनमा तीब्रता आउने रणनीतिक महत्वका आर्थिक सामाजिक र भौतिक पूर्वाधार आयोजनाको निर्माण कार्य अघि वढ्ने अपेक्षा लिएको छु ।
- कोरोनाको संक्रमनले सिर्जना गरेको यस संकटको घडीमा सम्पूर्ण नागरिक एक जुट भई सुखद भविष्य निर्माणको लागि उत्साहका साथ अघि बढ्न यस वजेटले प्ररित गर्ने विश्वास लिएको छु । सबै राजनीति दल,जनप्रतिनीधी, सामाजिक संघ संस्था, निजी क्षेत्र तथा नागरिक सामाजलाई यो उद्देश्य प्राप्ति तर्फ सहकार्यको लागि आव्हान गर्दछु ।
- प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने यस गाउँपालिकाका अध्यक्षज्यू, वजेट निर्माणका सम्वन्धमा रचानात्मक सुझाव प्रदान गर्नु हुने कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारीज्यूहरु, संविधान सभाका माननीय सदस्यज्यू, राजनीतिक दलका पदाधिकारीहरु, यस गाउँपालिकाका समाजसेवी, वुद्धीजीवि, नागरिक समाजका व्यक्तित्व, सञ्चार क्षेत्र तथा अहोरात्र खटिने गाउँपालिकाका कर्मचारी मित्रहरु सबैप्रति हार्दिक धन्यवाद आभार प्रकट गर्दछु ।
- अन्त्यमा यस गाउँपालिकाभित्र तथा देश विदेशमा रहनुभएका चौविसेवासी तपाई सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइहरुलाई कोभिड-१९ को जोखिमबाट सुरक्षित रहँदै यस चौविसे गाउँपालिकाको सर्वाङ्गिण विकास निर्माणमा योगदान गर्न आव्हान गर्दछु ।

# धन्यवाद !